ISSN NO. 2392-4624 Volume 5, Issue 1, January 2023

DOI: https://doi.org/10.3126/cognition.v5i1.55426

# ‘लिखे टोकेनी’ लोककथाको मनोविश्लेषणात्मक अध्ययन

अनिता पंगेनी[१]

***लेखसार***

*प्रस्तुत अध्ययन मनोविश्लेषणात्मक अध्ययन पद्धतिमा केन्द्रित छ । यस अध्ययनमा सिग्मण्ड फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषणको सिद्धान्तका आधारमा आख्यानमा प्रयुक्त पात्रहरूले गर्ने क्रियाकलाप, उनीहरूको चिन्तन र त्यसबाट पात्रको सूक्ष्म मनोजगतमा घटित हुने अन्र्तद्वन्द्वले पात्रको व्यवहारमा पार्ने असर विश्लेषण गरिएको छ । मनोविश्लेषणात्मक सिद्धान्तले बाह्य यथार्थभन्दा आन्तरिक यथार्थलाई विश्लेषण गर्दछ । यस अध्ययनमा सङ्कलन गरिएको ‘लिखे टोकेनी’ लोककथा सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । कथामा समाजभित्रका, परिवारका सदस्यहरूका मनमा घटित घटनाक्रमलाई सिग्मण्ड फ्रायडको मनको सिद्धान्तका दुई पक्ष प्रकारात्मक र गत्यामक पक्षका आधारमा विश्लेषण गरिएको छ । कथामा मानिसमा पर्ने मानसिक प्रभावले त्रास, निराश, हीनता, उच्चता लगायतका पक्षहरूको विश्लेषण गरिएको छ । यस कथामा आमाको माया ममताको अभावले बालबालिकालाई कस्तो असर पर्छ र परिवार भित्र आमाको भूमिका कति महत्त्वपूर्ण हुन्छ भन्ने कुराको चित्रण गरिएको छ । अचेतन मनभित्रका पीडाले पनि जीवनमा असर पारेको हुन्छ भन्ने कुरालाई सिग्मण्ड फ्रायडको मनको सिद्धान्तका आधारमा ‘लिखे टोकेनी’ कथाका पात्रहरूको मनोगत अवस्थाको यस अध्ययनबाट पुष्टि गरिएको छ ।*

**शब्दकुञ्जीका** = अचेतन, मनोविश्लेषणात्मक, ईर्ष्यालु, अन्र्तद्वन्द्व, मनोदशा , अहम् ।

## १. विषपपरिचय

प्रस्तुत अध्ययन स्याङ्जाको कुवाकोट क्षेत्रमा प्रचलित ‘लिखे टोकनी’ लोककथाको मनोविश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको छ। अध्ययनीय क्षेत्र स्याङ्जाको चापाकोट नगरपालिकाको वडा नं. १० अन्तर्गत पर्दछ। आधुनिक सभ्यताको विकास हुँदै गए पनि मानिसको मनमा लोकसाहित्य, लोकसंस्कृति र परम्परा आफूसँग हुने हुनाले प्रचलनमा रहिरहेको छ। अध्ययनीय क्षेत्र ऐतिहासिक, धार्मिक र सामाजिक दृष्टिले आफ्नै विशेषतायुक्त स्थानका रूपमा चिनिन्छ। आफ्ना क्षेत्रमा आ-आफ्नो मूलथलोको भाषा, संस्कृतिका झलक पाइन्छन् । लोकसाहित्यका विविध विधामध्ये लोककथा पनि महत्त्वपूर्ण मानिएको पाइन्छ। लोककथा लोकसाहित्यको सर्वप्राचिन विधा हो। यस अध्ययनपत्रमा क्षेत्र कार्यबाट सङ्कलन गरिएको लोककथालाई अध्ययनको विषय बनाइएको छ। लोककथामा लोकजीवनका सुख, दुःख, हर्ष, विस्मात आदिको चित्रण गरिएको हुन्छ। कथामा धर्म, संस्कृति, रीतिरिवाज, कला, जादु, टुनामुना आदि विषयका बारेमा वर्णन गरिएको हुन्छ। कथालाई फुर्सदको समयमा पिंढी वा बार्दलीमा बसेर, अगेनामा आगो ताप्दै गरेको बेलामा, पैदल यात्राका क्रममा, समूहमा बसेर रमाइलो गर्नु श्रमबाट थकाइ मेटाउन, बाल बालिकालाई भुलाउने र फुल्याउने क्रममा भन्ने र सुन्ने गरिन्छ।

नेपाली लोककथाले आधुनिकता सँगसँगै विषयवस्तुमा परिमार्जन गर्दै आफ्नो यात्रालाई अगाडि बढाइरहेको पाइन्छ। लोककथामा धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिकमध्ये कुनै एक किसिमको छाप परेको

१ विद्यार्थी, दर्शनाचार्य-विद्यावारिधी तह, त्रिवि, कीर्तिपुर, नेपाल, ईमेलः peace2068@gmail.com

हुन्छ। लोककथाले हाम्रो सामूहिकता र परम्परालाई कायम राख्दै व्यक्तिका रिसरागलाई नियन्त्रण गरेर मनमा खुसी र आनन्द दिन्छ। त्यसैले कथामा तत्कालीन समाजको जिवन्त चित्रण गरिएको हुन्छ। कथामा इतिहास, पुराण, धर्म संस्कृति, समाज, साहसिकता, प्रेमका साथै अलौकिक विविध विषयहरूले स्थान पाएको हुन्छ। त्यसैले लोककथालाई युगयुगान्तरसम्म जीवन्त प्रदान गर्नको लागि यसको संरक्षण र संवर्द्धन गर्नको लागि खोजको आवश्कता पर्दछ। क्षेत्रकार्यबाट सङ्कलन गरिने लोक कथालाई विभिन्न तरिकाले अध्ययन गर्न सकिन्छ। यस क्षेत्रमा प्रचलित कथा आंशिक रूपमा अध्ययन भएको पाइएता पनि मनोविश्लेषणात्मक कोणबाट अध्ययन भएको छैन। त्यसैले यस अध्ययनका सन्दर्भमा क्षेत्रगत रूपबाट संकलन गरिएको यस कथालाई सिग्मण्ड फ्रायडको मनोविश्लेषण अर्न्तगत मनको प्रकारात्मक पक्ष र गत्यात्मक पक्षको सैद्धान्तिक आधारलाई मुख्य जिज्ञासा बनाई यस अध्ययनको प्राज्ञिक समाधान गरिएको छ ।

## २ . अध्ययनविधि

प्रस्तुत अध्ययन सम्पन्न गर्नका निम्ति अध्ययनसँग सम्बद्ध लोककथा क्षेत्रकार्यबाट सङ्कलन गरिएको भने उक्त सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ। यस अध्ययनीय क्षेत्रलाई मुख्य केन्द्र मानिएको छ। कथाको सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। क्षेत्रकार्यबाट सङ्कलित कथालाई गुणात्मक पद्धतिमा आधारित रहेर अध्ययन गर्दै निष्कर्षमा पुगिएको छ। सामग्री विश्लेषणका विभिन्न आधार पद्धतिहरूमध्ये यस अध्ययनमा सिग्मण्ड फ्रायडको मनोविश्लेषणात्मक पद्धति मनको सिद्धान्तलाई आधार बनाएर सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ।

## ३. सैद्धान्तिक पर्याधार

मनोविज्ञान शब्द अङ्ग्रेजी psychology को नेपाली रूपान्तर हो। अङ्ग्रेजी उकथअजय (मनको/मनसम्बन्धी) र logy ( शास्त्र / विज्ञान) बाट psychology शब्द बनेको हो। नेपालीमा मनोविज्ञान शब्दको प्रयोग यही psychology को पर्यायका रूपमा गरिन्छ। मनको वैज्ञानिक अध्ययन गर्ने शास्त्र psychology अन्तर्गत विकसित विशिष्ट रूपलाई अङ्ग्रेजीमा psychoanalysis र नेपालीमा मनोविश्लेषण भनिन्छ (शर्मा र लुइटेल, २०६१, पृ.१६१)। मनोविश्लेषण नवीनतम मनोवैज्ञानिक सिद्धान्त भए पनि मनोविज्ञानको इतिहास धेरै पुरानो छ। मन र विज्ञान शब्दको पारस्परिक संयोगबाट मनोविज्ञान शब्द बनेको हो। मनको विज्ञानसँग सम्बन्धित चिन्तनलाई मनोवैज्ञानिक भन्ने गरिएको छ। प्राचीन कालदेखि नै मान्छेको प्रकृति र व्यवहारको अध्ययन हुदै आएको छ (घर्ती,२०६७, पृ.६) । मनोविज्ञानले विशेष गरेर मानसिक अनुभव र व्यवहारका प्रकृति, कार्य र परिकल्पनाको अध्ययन गर्दछ। प्रत्येक प्राणीमा मनको सत्ता विद्यमान रहने हुँदा मनोविज्ञानको क्षेत्र वा उद्देश्य मानव मनका अध्ययनमा सिमित रहेको छ। मानव मनको अध्ययनमा अभिरूचि लिने परम्परा प्राचिन कालदेखि नै भएको देखिन्छ। मनोविश्लेषणात्मक सिद्धान्त मानव मनसँग सम्बन्धित छ। मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा मानिसका मन तथा व्यक्तित्वको सैद्धान्तिक अध्ययन गर्ने पद्धतिलाई मनोविश्लेषणात्मक पद्धति भनिन्छ (शर्मा र लुइटेल, २०६३, पृ.४३)। मनोविज्ञानका क्षेत्रमा नयाँ क्रान्ति ल्याएर साहित्य कला, धर्म, संस्कृति आदि विभिन्न क्षेत्रलाई प्रभावित गर्ने सिग्मण्ड फ्रायडको जन्म सन् १८५६ मा भएको हो (बन्धु, २०५८, पृ.६७)। सिग्मण्ड फ्रायडद्वारा स्थापित सिद्धान्तलाई 'मनोविश्लेषण सिद्धान्त' भनिन्छ। मनोवैज्ञानिक सिद्धान्तका रूपमा एड्लरका सृजनात्मक शक्ति, हिनता ग्रन्थी, उच्चताको प्रयास, क्षतिपूर्ति जस्ता सैद्धान्तिक मान्यतालाई ग्रहण गर्दै विश्लेषणात्मक मनोविज्ञानका प्रवर्तक सी. जी. युङका अन्तर्मुखी र बहिर्मुखी प्रवृत्ति मनका प्रकार्यहरूमा एनिमा, एनिमस, पर्सोना, छायाजस्ता ग्रन्थी, सामूहिक अचेतनको सिद्धान्त प्रस्तुत गरिएको छ। सिग्मण्ड फ्रायड मनोवैज्ञानिक सिद्धान्तको क्षेत्रमा मनोविश्लेषकका रूपमा स्थापित महान प्रतिभा हुन्।

यहुदी परिवारमा जन्मेका फ्रायड मूलतः चिकित्सकका रूपमा रहेर मानव गहनत्तम अध्ययन गर्ने अध्येता हुन् । फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त व्यक्तिको अध्ययन, अन्वेषण र विश्लेषण गर्ने विज्ञानका रूपमा प्रसिद्ध छ । मनोविश्लेषणात्मक आधारमा केन्द्रित रहेर लोककथाको विश्लेषण गर्नु पूर्व फ्रायडका गयात्मक पक्ष र आकारात्मक पक्षको निम्नानुसार परिचय दिनु सान्दर्भिक देखिन्छः

### ३.१ मनको गत्यात्मक पक्ष

प्रत्येक व्यक्तिमा परस्पर विरोधी प्रवृत्तिहरू हुन्छन् र तिनै कारणले सधैँ सङ्घर्षका परिस्थितिहरू सिर्जना भइरहन्छन् । यी सङ्घर्षमय परिस्थितिहरूका साथ अनुकूल समायोजन गर्न व्यक्तिको मन गत्यात्मक रूपले परिवर्तन भइरहन्छ । यी परिस्थितिहरूसँग अनुकूल समायोजन स्थापित गरी सङ्घर्ष समाधान गर्न व्यक्तिको मन गतिशील भइरहने हुनाले यसलाई मनको गत्यात्मक पक्ष भनिएको हो (घर्ती,२०६७, पृ.१६) । मनको गत्यात्मक पक्षले व्यक्तिमा रहने परस्पर बिरोधी प्रवृत्तिका कारण सदैव पैदा भइरहेने सङ्घर्ष वा द्वन्द्वको स्थिति र त्यसको अनुकूल समाधानका लागि मन गतिशील वा परिवर्तनशील भइरहने अवस्थालाई जनाउँछ (शर्मा र लुइटेल, २०६१, पृ.१७२ ) गत्यात्मक पक्ष अन्तर्गतका  घटकहरूको परिचय क्रमशः

#### ३.१.१ इदम्

इदम् अङ्ग्रेजी 'इड' शब्दको पर्यायवाचीका रूपमा नेपालीमा प्रयुक्त भएको पाइन्छ । यो जर्मन एस (es) शब्दको अङ्ग्रेजी रूपान्तरण हो जसको अर्थ अङ्ग्रेजीमा इट (it)  हुन्छ अङ्ग्रेजी इटको अर्थ 'यो' भन्ने हुन्छ भने संस्कृतमा इदम्को अर्थ पनि 'यो' भन्ने नै हुन्छ । फ्रायडले इदम्लाई बढी महत्त्व दिएका छन् । उनका अनुसार इदम् मूल प्रवृत्तिहरूको भण्डार र मानस  शक्तिको मूल स्रोत हो । इदम्  सबै प्रकारका इच्छाहरूको जननी हो । यसको प्रमुख विषयसामग्रीका रूपमा कामशक्तिसँग सम्बन्धित कुराहरू र तत्कालै त्यसको परितुष्टिका चाहना पर्दछन् । यो आनन्दको सिद्धान्तबाट सञ्चालित  (घर्ती,२०६७, पृ.१६) हुन्छ  । इदम् बढी मात्रामा आन्तरिक र अज्ञात छ । व्यक्तिका शारीरिक, आनुवंशिक तथा जन्मजात गुणहरू इदम्;ँग सम्बन्धित छन् । यसमा बालपनको स्वभाव छ । आहार, निद्रा, भय र मैथुनका प्राथमिक आवश्यकता इदम् सँग सम्बन्धित छन् । यसको सम्बन्ध मान्छेको कामवासनासँग पनि रहन्छ (बन्धु, २०५८, पृ.६८) ।

#### ३.१.२ अहम्

अहम् अङ्ग्रेजी 'इगो'(Ego) शब्दको पर्यायवाची रूप हो । फ्रायडले 'इगो' को समानार्थीका रूपमा जर्मन भाषामा 'इच' (Ich) शब्द प्रयोग गरेका छन् जसको अर्थ म भन्ने हुन्छ । संस्कृतमा अहम्को अर्थ पनि म भन्ने नै हुन्छ (घर्ती,२०६७, पृ.१७) । फ्रायडले मन वा चेतनबुद्धिलाई अहम् मानेका छन् ।  बाह्य वातावरणसँग सम्पर्क स्थापित गर्न सक्ने अहमले मानिसका मूलप्रवृत्ति र सामाजिक एवम्  भौतिक यथार्थमा सामञ्जस्य स्थापित गरेर बढीभन्दा बढी सन्तुष्टि प्राप्त गर्न सघाउँछ । भर्खरै जन्मेको शिशुमा अहम् हुँदैन र यो पछि क्रमशः विकसित हुँदै जान्छ (शर्मा र लुइटेल, २०६१, पृ.१७२) । अहम् मनको सचेत भाग हो तर यो अचेतन मनको गहिराइमा रहेको हुन्छ र चेतनको उत्पत्ति त्यहीँ बाट हुन्छ । अहम् यथार्थतिर आकर्षित छ (बन्धु, २०५८, पृ.६८) ।

#### ३.१.३. पराहम्

पराहम् अङ्ग्रेजी 'सुपर इगो' (Super Ego) को पर्यायवाची शब्द हो । फ्रायडले 'सुपर इगो' को समानार्थीका रूपमा जर्मन भाषामा 'उबर इच' (Uber Ich) प्रयोग गरेका छन् जसको अर्थ 'उच्च म' भन्ने हुन्छ संस्कृतमा 'पराहम्' शब्द 'पर' र 'अहम्' मिलेर बनेको छ । पराहम्को सम्बन्ध नैतिकतासँग हुन्छ र यसले सामाजिकीकरणको प्रक्रियामा प्रमुख शक्तिको रूपमा काम गर्दछ । पराहम्मा समाज तथा संस्कृतिको छाप परेको छ । पराहम्को मुख्य काम समाजको रक्षा गर्नु हो (घर्ती,२०६७, पृ.१६) । पराहम् सामाजिकता, नैतिकता र आदर्शको प्रतिनिधित्व

गर्ने शक्ति हो। यसको सम्बन्ध चेतनसँग हुन्छ, त्यसैले चेतनमा सञ्चित सामाजिक आदर्श तथा सांस्कृतिक प्रभाव नै पराहम् का रूपमा विकसित भएको हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ.१७२)।

### ३.२ मनको आकारात्मक पक्ष

फ्रायडले व्यक्तिका विभिन्न ध्रुवहरूको तथा मनको गयात्मक पक्षको व्याख्या मनको आकारात्मक पक्षका आधारमा गरेका छन्। उनले इदम्, अहम्, र पराहम्का बीचमा सङ्घर्षमय परिस्थितिहरूको कार्यस्थलका रूपमा मनको आकारात्मक पक्षको विवेचना गरेका छन् (घर्ती,२०६७, पृ.१९)। मनको आकारात्मक पक्षले उपयुर्क्त सङ्घर्ष वा द्वन्द्व घटित हुने स्थललाई बुजाउँछ। उनले गत्यात्मक पक्षका इड, अहम् र पराहम् बीच हुने सङ्घर्षको कार्यथलो आकारात्मक पक्षका चेतन, अवचेतन र अचेतनलाई मानेका छन् (शर्मा र लुइटेल, २०६१, पृ.१७२)। मनको आकारात्मक पक्ष अन्तर्गतका खण्डहरूको परिचय क्रमशः

### ३.२.१ चेतन

फ्रायडले चेतनलाई मनको सबै भन्दा सानो खण्ड मानेका छन्। यो मनको दस भागको एक भाग बराबर हुन्छ। मनको तात्कालिक ज्ञानसँग सम्बद्ध यस खण्डको सम्बन्ध वर्तमानसँग रहने हुँदा यो क्षणिक हुन्छ। चेतनको सम्बन्ध अहम् सँग हुने हुँदा अहम् का शक्तिहरू यसैमा अवस्थित हुन्छन् (शर्मा र लुइटेल, २०६१, पृ.१७२)। चेतन मनको त्यो खण्ड हो जो तत्कालिक ज्ञानसँग सम्बन्धित हुन्छ र यो सबैभन्दा सानो खण्ड हो। चेतन मन व्यक्तिले अनुभव गर्ने मन हो (बन्धु, २०५८, पृ.६८)। मनको यो चेतन स्तरले दैनिक जीवनको संवेदना, प्रत्यक्षीकरण र विचारहरूद्वारा अनुभव प्राप्त गर्दछ र यी अनुभवहरूलाई अवचेतन एवम् अचेतन स्तरतर्फ धकेल्दछ। त्यस्ता अनुभवहरू त्यहाँ स्मृतिका रूपमा सुरक्षित रहन्छन् (घर्ती,२०६७, पृ.१९)।

### ३.२.२ अवचेतन

अवचेतनलाई पूर्वचेतन वा अग्रचेतन पनि भनिएको पाइन्छ। यो चेतन र अचेतनका बिचको भाग हो। यो स्मृति तथा इच्छाहरूको भण्डार भएकाले त्यस्ता स्मृति तथा इच्छाहरू त्यस क्षणमा चेतन नहुने भए पनि तत्कालै प्रत्याह्वान गर्न सकिन्छ। अर्थात् यस्ता स्मृति र इच्छाहरूका बारेमा व्यक्तिलाई तात्कालिक ज्ञान नभए पनि तिनीहरूलाई अन्तरनिरीक्षणको प्रक्रियाद्वारा पुनः स्मरण गर्न सकिन्छ (घर्ती,२०६७, पृ.१९)। अवचेतनमा रहेका कुराहरूलाई ध्यान गरेर सम्भनामा ल्याउन सकिन्छ। व्यक्ति मनको ठूलो अंश अचेतन स्तरमा नै रहन्छ र निकै गहिराइमा हुन्छ। हाम्रो चेतन मनको कुनै तत्त्वले हाम्रा पुराना र दुःखदायी भावहरूलाई स्मृतिमा ल्याउन दिँदैन, नियन्त्रण गर्छ (बन्धु, २०५८, पृ.६८)।

### ३.२.३ अचेतन

यो मनको सबैभन्दा ठूलो भाग हो। यस भागमा सबै बिर्सिएका स्मृति वा इच्छाहरू सञ्चित हुन्छन्। यस भागमा रहेका इच्छा वा स्मृतिलाई व्यक्तिले स्वेच्छाले पुनः स्मरण गर्न सक्दैन, ती कि त स्वमं प्रकट हुन्छन् कि सम्मोहन आदिको प्रयोगबाट व्यक्त हुन्छन् (शर्मा र लुइटेल, २०६१, पृ.१७२ )। अचेतन वा मनको यस भागमा बिर्सिएका विचार, उत्तेजना र आवेगहरू रहन्छन्, जसलाई व्यक्तिले इच्छानुसार निरीक्षण गर्न सक्दैन। यस्ता अनुभवहरू कि त स्वयम् प्रकट हुन्छन् कि सम्मोहन वा अन्य प्रायोगिक तरिकाहरूद्वारा जान्न सकिन्छ (घर्ती,२०६७, पृ.१९)। फ्रायडले प्रतिपादन गरेका गयात्मक पक्ष अन्तर्गत इदम्, अहम्, पराहम्, र आकारात्मक पक्षअन्तर्गत चेतन, अचेतन र अवचेतन सम्बन्धिको सिद्धान्तलाई मनन गर्दै लोककथाको मनोविश्लेषणात्मक विश्लेषण गरिएको छ।

### ४. 'लिखे टोकेनी' को कथा

एकादेशमा बाबुआमा र सानी छोरी गरी तीन जनाको परिवार थियो। परिवार खुशी थियो बिहान साँझको जसोतसो छाक टरेकै थियो। आर्थिक अभाव भएपनि जीवन खुशीले बितेकै थियो। एकदिन अचानक आमाको मृत्यु हुन्छ। अब सानी छोरी लिखे टुहुरी भई। ऊ बाबाको आड भरोसामा बाँच्नु पर्ने भयो। केही समय त बाबाले अर्को बिहे गरेनन्। छोरीको हेरचाह गरेर बसे तर दिन बित्दै जाँदा समयले कोल्टो फेर्यो, बाबाले सौतेनी आमा ल्याए। सौतेनी आमा आए पछि केही दिन राम्रै बिते। तर केही दिनपछि उनको व्यवहारमा फरकपन देखिन लाग्यो। उनी दिन प्रतिदिन छोरीप्रति नराम्रो बन्दै गइन्। उनले एकदिन लिखेलाई आफ्नी आमा टोकेको आरोप लगाइन्। लिखेलाई आमा टोकेको आरोप लगाएको भएर कथाको नाम नै लिखे टोकेनी रहेको हो। समय बित्दै गयो सौतेनी आमाले पनि छोराछोरी जन्माइन्। आफ्ना छोराछोरी भएपछि त झन लिखेलाई सहनै नसकिने व्यवहार गर्न थालिन्। उनले खान दिँदा आफ्ना छोराछोरीलाई भात र लिखेलाई आटो दिन थालिन्। आटो पनि पेटभरि नदिने, गाली गर्ने, पिटने, लुछ्ने गर्न थालिन्। सौतेनी आमाका व्यवहारले हार खाएकी लिखे रुने टोलाउने गर्न थाल्छे र खेल्न पनि मन गर्दिन। एकदिन बाबा घरबाट शहर जान भनेर हिँड्ने बेलामा छोराछोरीलाई "म बजार जान लागेको" भन्छन्। भाइबहिनीले मिठाइ, बिस्कुट, बेलुन ल्याउन भन्छन् भने लिखेले बाख्राको पाठो ल्याइदिनु भन्छे। छोरीको कुरा अचम्म लागे पनि "हुन्छ" भनेर उनी शहरतिर लाग्छन्। उनले बाटोमा पाठो लगेर के गर्ने होली भन्दै मनमा कुरा खेलाउँदै हिँडछन्। फर्किदा मिठाइ, बिस्कुट बेलुन र लिखेको लागि बाख्राको पाठो ल्याइदिन्छन्। लिखे बाख्राको पाठो पाएर धेरै खुसी हुन्छे। अब उसका दिनहरू रमाइलो गरि बित्न थाले। पाठो सँगै खेल्ने खुवाउने, बोकेर हिँड्ने गर्दागर्दै ऊ धेरै खुशी हुन्छे। आमाको मृत्युपछि पाठो पाएर खुशी लिखे मोटी र ठूली भई। लिखे मोटाएको सौतेनी आमालाई डाह लाग्छ। उसले मनमनै सोच्छे मैले यसलाई खाना पनि राम्रोसँग दिन्न, मेरो छोराछोरीलाई जति भात खान दिए पनि दुब्ला छन्। यो त झन उब्रेको आटो दिँदा पनि रसिली खाइलाग्दी भई। एकदिन उसले लिखेलाई सोधी। लिखेले "पाठोसँग खेलेर" भन्ने उत्तर दिन्छे। सौतेनी आमाले भित्रभित्रै जुक्ति खेल्छे र बिरामी भएको नाटक गरेर सुत्छे। बिरामी भएपछि लोग्नेले धामी झाँक्री बोलाएर झारफुक गर्छन। तर उसले निको नभएको नाटक गर्छे। यतिकैमा एक दिन उसले लोग्नेलाई बहाना गरेर भन्छे "म साह्रै कमजोर भएँ, त्यो पाठो काटेर मासु खान पाए ठिक हुन्थे। नत्र जे गरे पनि निको नहुने भो"। आफ्नी श्रीमतिको कुराले लोग्नेलाई ठुलो चिन्ता पर्छ। पाठो पाएदेखि त्यो टुहुरी छोरी बोल्ने हाँस्ने खुशी हुने गरेकी छ। उसलाई श्रीमतीले टुहुरी छोरीप्रति गरेको व्यवहार मन पर्दैन तर नाई पनि भन्न सक्दैन। ऊ चिन्ताले पुर्पुरोमा हात लगाएर बसेको हुन्छ। यी दुईको कुरा पाठाले सुनेको थियो। पाठो पशु भएपनि सबै कुरा बुझ्ने थियो। पाठोले पनि लिखेकी सौतेनीआमाको चाला बुझेको थियो। पाठाले लिखेलाई बाबा र सौतेनी आमाको कुरा सुनाउँछ। लिखे पाठालाई काखमा राखेर निकै रून्छे। पाठोले लिखेलाई भन्छ "तिमी चिन्ता नगर मैले भनेको काम गर। मलाई तिनीहरूले काट्ने भनेका छन् काट्न देऊ। तर तिमीले मेरो मासु नखाऊ। तिम्रो भागको मासु कसैले नदेख्ने गरी बारीमा लगेर माटोमा गाडीदेऊ"। लिखेले आँसु पुस्दै हुन्छ भन्छे। उता बाबालाई पनि चिन्ताले निकै सताउँछ। श्रीमतीले भनेको मानौं भने छोरीको खुशी हराउने डर, नमानौं श्रीमती रिसाउने डर। तैपनि छोरीलाई सबै कुरा भन्छ, "छोरी, आमालाई तिम्रो पाठो काटेर मासु खान पाए निको हुन्छ अरे नत्र निको हुँदैन भन्छे। मैले कसो गर्ने होला ?" यति भन्दै आँसु पुछ्न थाल्छ। उसले पाठोबाट सबैकुरा बुझिसकेकी भएर "हुन्छ" भन्छे। छोरीको कुराले बाबा खुशीभन्दा पनि दुःखी हुन्छ भने सौतेनी आमा खुशी हुन्छे। "अब यो बाख्राको पाठो काटेर खाएपछि मेरा छोराछोरीभन्दा यो मोटी हुन सक्तिन" भन्दै मनमनै गमेर बस्छे। पाठो काटिने कुराले लिखे एक्लै रोएर बस्छे। तर पाठोले भनेको कुरा सम्झिन्छे। अर्को दिन पाठो काटिन्छ। सबैले मासु खान्छन् लिखेले आफ्नो भागको मासु सबैको आँखा

छलेर घर नजिकको बारीमा लगेर माटोमा गाड्छे। केही दिनपछि त्यो मासु गाडेको ठाउँबाट ज्योतिर्लिङ्गको उत्पत्ति हुन्छ। ज्योतिर्लिङ्ग देखेर सबै आश्चर्यमा पर्छन्। यो एक कान दुई कान हुँदै राजा कहाँ पुग्छ। राजाले ज्योतिर्लिङ्को उत्पत्तिबारे बुझ्न मान्छे खटाउँछन्। धेरै समय बितेपनि ज्योतिर्लिङ्गको उत्पत्ति बारे कसैले पत्ता लगाउन सक्दैनन्। केही समयपछि राजाले फेरी ज्योतिर्लिङ्गको रहस्य थाहा पाउनेलाई छोरा भए ठूलो इनाम दिने र छोरी भए रानी बनाउने घोषणा गर्छन्। एक कान दुई कान हुँदै यो कुरा लिखेसम्म आइपुग्छ। लिखेले सबैकुरा राजाको दरबारमा गएर बताउने निधो गरेर दरबारमा जान्छे। राजालाई आफ्नो भागको मासु माटोमा गाडेको ठाउँबाट ज्योतिर्लिङ्गको उत्पत्ति भएको कुरा सुनाउँछे। राजाले लिखेको कुरा सुनेर खुशी हुँदै रानी बनाउने निधो गर्छन्। लिखे रानी हुने कुराले सौतेनी आमालाई निकै रिस उठ्छ। सौतेनी आमाले आमा टोकिस भनेर बारम्बार गाली गर्थी। अब लिखे टोकेनी राजदरबारमा रानी भएर बस्ने भई। भन्नेलाई फुलको माला सुन्नेलाई सुनको माला यो कथा बैकुण्ठमा जाला।

**५. मनोविश्लेषणात्मक आधारमा 'लिखे टोकनी' लोककथाको विश्लेषण**

प्रस्तुत कथामा पात्रका रूपमा लिखे टोकेनी, उसको बा, सौतेनी आमा, भाइ, बहिनी र मानवेतर पात्र बाख्राको पाठो रहेका छन्। लिखे टोकनी यस कथाकी प्रमुख बालपात्र हो। कथामा लिखे टोकेनी कथावृत्तको केन्द्रकका रूपमा रहेकी छ र उसकै मनोवृत्तिको अभिव्यञ्जनामा कथा प्रवाहले गति पाएको छ। उसका मनोइच्छा, आचरण, विचार, व्यवहार नै कथाको प्राण तन्तु हो। अन्य पात्रहरू उसकै सेरोफेरोमा कारणभूत रूपमा आएका छन्। कथाकी प्रमुख पात्र लिखे टोकेनी सानै हुँदा आमा बितेकोले टुहुरी हुन्छे। टुहुरी लिखे अत्यन्त कारुणिक भावकी देखिन्छे। कथामा व्यक्त घटनाक्रममा सौतेनी आमाले लिखेप्रति गर्ने व्यवहार र विचारबाट उसले इदम् र पराहम्बीचको अन्तर्द्वन्द्व झेलिरहेको स्पष्ट हुन्छ। सौतेनी आमाका अस्वाभाविक वचन र व्यवहारले उसको स्वभाव स्वाभाविक र सुसङ्गत देखिँदैन। उसको अनुहारमा बाल्यकालको चञ्चलता हाँसो खुशी केही देखिँदैन। लिखे मनभित्रका दमित कुष्ठाले सिकिस्त बनेकी छ। उसको इदमूको इच्छा त सौतेनी आमाले भाइबहिनीलाई जस्तै आफूलाई पनि माया गरे हुनि भन्ने छ तर पराहम्को चेतनालाई स्वीकार्य नहुने हुनाले उसको स्वाभाविक इच्छाबीच अन्तर्द्वन्द्व चलेको देखिन्छ। कथामा उसका बाबाले शहर जाँदा के ल्याइदिउँ भनेर सोध्दा भाइबहिनीले खानेकुरा र बेलुन भन्छन् तर लिखे टोकेनीले मलाई एउटा बाख्राको पाठो ल्याइदिनु भन्छे। यो अवस्था उसको चेतन मनले काम गरेको अवस्था होइन अचेतन अवस्थामा नै उसले पाठो ल्याउन भनेकी हो। लिखेले जब पाठो प्राप्त गर्छे, अधिकांश समय बाख्राको पाठोसँग खेलेर बिताउँछे। यस घटनाबाट के बुझ्न सकिन्छ भने टोकेनीको मनभित्रका दमित कुण्ठा, ऐषणा पाठाको माध्यमबाट प्रस्फुटित भएका छन्। कथाको अर्को घटनामा लिखे टोकेनीलाई सौतेनी आमाले अपहेलना गर्ने, राम्रोसँग खान नदिने र धेरै गाली गर्ने भएकाले ऊ दुब्लाएर निन्याउरी भएकी हुन्छे जब उसको साथी पाठो भएसँगै उसका मनभित्रका निराशा र मनोदशा हट्दै जान्छन्। समय बितेसँगै लिखेमा खुशीसँगै शारीरिक परिवर्तन हुँदै आउँछ। पहिलाकी दुब्ली लिखे अहिले मोटी हुँदै जान्छे। यस प्रसङ्गबाट चेतन मनभित्रका पीडाहरू अचेतन मनले मागेका चाहनाबाट कम हुँदै गएको पुष्टि हुन्छ।

प्रस्तुत कथामा सौतेनी आमाको मनभित्र लिखेमा आएको खुशी र परिवर्तनले प्रश्नचिन्ह खडा गरेको छ। आफ्ना छोराछोरी दुब्ला हुँदा लिखे खाइलाग्दी कसरी भइ भनेर बुझ्ने जुक्तिमा सौतेनी आमाभित्र रहेको ईर्ष्यालु भावना प्रस्फुटित भएको छ। सौतेनी आमाले मोटाउनुको कारण बाख्राको पाठो भएको कुरा थाहा पाएपछि त्यो बाख्रो र लिखेलाई कसरी छुटाउन सकिन्छ भन्ने उपाय खोज्छे। उसले आफू बिरामी भएको नाटक गरी लिखेका बालाई सताउन थाल्छे। लिखेका बाले सौतेनी आमालाई कसरी निको गराउन सकिन्छ भनेर सोध्दा उसको पाठोलाई काटेर मासु खान पाए आफू निको हुने कुरा गर्छे तर लिखेको बाबाले सहजै स्वीकार गर्न

सक्दैनन् । यस प्रसङ्गमा लिखेको बाबाको मनमा एकातिर छोरीको खुशी अर्कोतिर श्रीमतीको जिद्दीको कारणले उनको मनमा अन्तर्द्वन्द्व पैदा हुन्छ । यसले उनलाई मानसिक छटपटी गराउँछ । बाबाले लिखेलाई आफ्नो र श्रीमतीको कुरा सुनाउँछन् । लिखेले पाठोबाट सबै कुरा थाहा भएकी भएर हुन्छ भन्ने उत्तर दिन्छे । यो प्रसङ्गमा लिखे को चेतन मन सक्रिय भएको पुष्टि भएको छ । कथामा लिखेको खुशी सहन नसकेर सौतेनी आमाले पाठो काट्ने षड्यन्त्र रचेको प्रसङ्गबाट नेपाली नारीहरूको सौतेनी मनोविज्ञानलाई सङ्केत गर्न खोजिएको छ ।

प्रस्तुत लोककथामा टुहुरी बालिकालाई सौतेनी आमाले गरेको व्यवहार सहन गाह्रो भएको बेलामा बाख्रोको पाठाले ल्याएको खुशीलाई अभिव्यक्त गरिएको छ । यसै प्रसङ्गसँग फ्रायडको अवचेतन मनमा भएका स्मृति र इच्छाहरूको बारेमा व्यक्तिलाई तात्कालिक ज्ञान नभए तापनि तिनीहरूलाई अन्तरमनले पुनः स्मरण गर्न सकिन्छ भन्ने कुराको पुष्टि भएको छ ।

### ६. निष्कर्ष

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएको लोककथाको पात्रहरूका मनमा घटित घटनाक्रमलाई सिग्मण्ड फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा बिश्लेषण गरिएको छ ।लिखे टोकेनी सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यस कथामा समाजभित्रको एउटा परिवारको विभिन्न घटनाक्रमलाई पात्रहरूका माध्यमबाट व्यक्त गरिएको छ । कथामा विभिन्न उमेरका मानिसमा पर्ने मानसिक प्रभावले त्रास, निराश, हिनता, उच्चता लगायतका पक्षहरूको विश्लेषण गरिएको छ । यस किसिमको मनोवैज्ञानिक अवस्था सृजना हुनुमा नेपाली समाजमा विद्यमान सनातन हिन्दु संस्कृति र रूढीगत मूल्य र मान्यताको विशेष प्रभाव परेको छ । कथामा परिवारभित्र आमाको माया ममताको अभावले सिर्जना गरेको दुःख, नैराश्य, निरर्थकता, हिनता, कुण्ठा आदि मानिसक पक्षहरूको प्रकट गरिनुको साथै टुहुरी बालिकाप्रति सौतेनीआमाले गरेको इर्ष्यालाई चित्रण गरिएको छ। कथाले मान्छेको अचेतन मनभित्र हुने पीडाले जीवन कसरी निराश हुँदो रहेछ भन्ने कुरा प्रष्ट पारेको छ । अचेतन मन निकास हुन नपाएका दमित इच्छा आकांक्षाहरूको भण्डार हो त्यसैले यसको प्रभाव चेतन मनमा पनि पर्छ भन्ने कुरा लिखेबाट पुष्टि भएको छ ।

## सन्दर्भ सामग्रीसूची

घर्ती, दुर्गाबहादुर (२०६७). मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान, ललितपुरः साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८). नेपाली लोक साहित्य, काठमाडौंः एकता प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८). लोकसाहित्य परिचय, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज तथा लुइटेल, खगेन्द्रप्रसाद (२०६१).पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज तथा लुइटेल, खगेन्द्रप्रसाद (२०६३). लोकवार्ता विज्ञान र लोकसाहित्य, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।